नीलकण्ठ नगरपालिकाको दोश्रो नगरसभाको

चौथो अधिवेशनमा नगर प्रमुख भीम प्रसाद ढुंगानाद्धारा प्रस्तुत

# नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन

मितिः- २०८०/१०/२८

**यस गरिमामय नगर सभामा उपस्थित नगर उप-प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, आमन्त्रित पत्रकार मित्रहरु र अन्य उपस्थित सम्पूर्ण महानुभावहरु।**

नीलकण्ठ नगरपालिकाको दोश्रो नगरसभाको यो चौथो अधिवेशनमा उपस्थित यहाँहरु सवैमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु। देशमा संघीयता लागू भए सँगै संविधान अनुरुप तीन तहका सरकार मध्येको जनताको प्रत्यक्ष सहभागिता रहने स्थानीय सरकारका रुपमा नीलकण्ठ नगरपालिका सरकार सात बर्ष पार गर्ने उत्तरार्धमा आइपुगेकोछ। यो गरिमामय क्षणमा स्वतन्त्रता, संघीयता र लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि शाहदत प्राप्त गर्ने शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

स्थानीय सरकार प्रमुखका रुपमा नगरबासीका आवश्यकता र महत्वकांक्षालाई यथोचित सम्बोधन गर्ने सकारात्मक प्रयास निरन्तर गर्दै आएको तपाईंहरुका माझ स्पष्ट नै छ। एकीकृत नगर विकास योजना, आवधिक योजना र विगत ७ बर्षको नीति कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न योजनाबद्ध रुपमा हाम्रो प्रयास निरन्तर छ। हाम्रो कांधमा रहेको स्थानीय सरकारको माध्यमबाट नगरको समग्र विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई हरसम्भव पुरा गर्ने प्रयास हामीले गरिरहेकै छौं। यो जिम्मेवारीलाई इमान्दारिताकासाथ निर्वाह गर्दै हाम्रै कार्यकाल भित्र देशकै नमूना नगरपालिकाको रुपमा नीलकण्ठ नगरपालिकालाई स्थापीत गर्ने प्रतिबद्धता पूनः स्मरण गर्न चाहन्छु। यसै प्रतिबद्धता अनुसार स्थानीय सरकारको स्वमुल्यांकन, विपद् व्यवस्थापन, सुशासन लगायत समग्र सूचकहरुमा नीलकण्ठ नगरपालिका पटक पटक राष्ट्रिय स्तरमा उत्कृष्ठ हुँदै आइरहेको नतिजालाई तपाईंहरुका माझ सगौरब स्मरण गराउन चाहन्छु।

उपलब्ध सिमित साधन स्रोत, संघ  तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान,  नगरपालिकाको आफ्नै आन्तरिक आयश्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण नगरबासीहरुको न्यानो साथ एवम् विभिन्न दातृ संघ संस्था तथा निकायसँगको सहकार्यमा नगरबासीले सुम्पिएको यो ऐतिहासिक जिम्मेवारीलाई इमान्दारिताका साथ पूरा गर्ने प्रतिबद्धताको हाम्रो पाइला निरन्तर रुपमा अघि बढिरहेकोछ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

अब म नीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को लागि नीति तथा कार्यक्रम र विगतका प्रतिवद्धताहरुको प्रगति अवस्था एवम् समिक्षा तपाईहरु समक्ष प्रस्तुत गर्दैछु। हामीले नगरपालिकाको नीति तथा  कार्यक्रम नेपालको संविधान, २०७२ को भाग ४ धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त,  निर्वाचनका बेला हामीले गरेको प्रतिबद्धता, दीगो विकास लक्ष्यका प्राथमिकताहरु, नीलकण्ठ नगरपालिकाको एकीकृत शहरी विकास योजना, भूगोलमा आधारित आवधिक योजना एवम् विभिन्न विषयगत रणनीतिक योजनाहरुका लक्ष्य प्राप्ति गर्ने उद्देश्यका साथ प्रस्तुत गरेकाछौं।

यस अघिका नीति कार्यक्रममा समेटिएका विषयहरु चरणबद्ध रुपमा कार्यान्वयन गर्दै बाँकी प्रतिबद्धताहरुको कार्यान्वयनमा हामीले नीरन्तरता दिँदै आएकाछौं। आर्थिक बर्ष २०८०/०८१ को  बार्षिक नीति  अनुसार विनियोजित बजेट तथा कार्यक्रमको कार्ययोजनाका साथ प्रभावकारी कार्यान्वयनको क्रम अघि बढिरहेकोछ। चालू बर्षको घोषित नीति अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयनको अर्धबार्षीक समिक्षा गरी प्रगतिको अवस्था र प्रभावकारीताको मूल्याङ्कन भैसकेकोछ। नीति तथा बजेट र कार्यक्रमको कार्यान्वयनमा देखिएका चूनौतिको विश्लेषण गर्दै परिणाममुखी रणनीति बनाउन सरोकारवाला पक्षका बीच छलफल र राय सुझाब संकलनको कार्य समेत अघि बढाइएकोछ। एकीकृत शहरी विकास योजनाको आवधिक समिक्षा र  मध्यकालिन खर्च सरंचनाको निर्धारित लक्ष्य हासिल गर्ने गरी चालू अर्थिक बर्ष भित्रमा हासिल गरिने मापन योग्य नतिजालाई ध्यानमा राखेर हामीले आर्थिक बर्ष २०८०/०८१ को नीति कार्यक्रम र बजेट प्रस्तुत गरेका थियौं। सो नतिजा प्राप्तिका लागि जनप्रतीनिधि, कर्मचारी, सरोकारवाला निकाय र नगरबासीहरुका माझ उचित समन्वय र साझेदारीको अभियानलाई हामीले निरन्तरता दिइरहेकाछौं। नीलकण्ठ नगरपालिकाको १४ वटै वडामा विकासका पूर्वाधार निर्माण गरी जनमैत्री र छरितो स्थानीय सरकार सञ्चालन गर्न हामीले निर्धारण गरेको विषयगत प्राथमिकताका आधारमा नीति तथा कार्यक्रमको प्रगतिको अवस्था तपाईंहरु समक्ष प्रस्तुत गर्दैछुः

**नगरसभा सदस्यज्यूहरु:,**

१. नीलकण्ठ नगरपालिकालाई देशकै नमुना नगरको रुपमा विकसित गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचकासाथ तय गरिएका गौरबका आयोजना र कार्यक्रमहरु नीरन्तर चलिरहेकाछन्। यस अघिका बर्षहरुमा घोषणा गरिएका नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै कार्यान्वयन बाँकी भएका सबै नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन प्राथमिकताका साथ भैरहेकाछन्।

२. व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशिला मान्दै नीलकण्ठ नगरपालिकाका हरेक वडा कार्यालयसम्म बाह्रै महिना चल्ने गरी हाम्रो कार्यकाल भित्र कालोपत्रे गरिसक्ने घोषित प्रतिबद्धता अनुसार काम भैरहेकोछ। नगर यातायात गुरुयोजनाले निर्दिष्ट गरेको सडक मापदण्ड र भवन निर्माण तथा वस्ती विकास मापदण्ड अनुसार सडक विस्तार तथा स्तरबृद्धिमा जोड दिइएकोछ। चालू आर्थिक बर्षको पौष मसान्तसम्ममा ठेक्का प्रकृयामार्फत हुने कामको शत प्रतिशत वडा स्तरीय योजनाको ६४ प्रतिशत र नगरस्तरीय योजनाको ७१ प्रतिशत काम कार्यान्वयन चरणमा गैसकेकोछ। विगतका बर्षको भौतिक प्रगतिलाई बढाउँदै यस बर्ष ९५ प्रतिशत भन्दा बढि प्रगति हासिल गर्ने लक्ष्यका साथ आवश्यक समन्वय र निर्देशन गरिएकोछ ।

३. नगरबासीहरुमा व्यापक स्वरोजगारीको सृजना गर्न एक वडा एक उत्पादनको नीति अनुसार सबै वडामा माटो परिक्षण, फलफूल तथा तरकारी पकेट क्षेत्र, पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन भैरहेकाछन्। ब्यवसायीक किसानहरुको पहिचान गरी कृषिमा ब्यवसायीकता प्रवर्द्धन गर्न किसान सूचिकरण कार्यक्रम, कृषि पशुपंक्षी तथ्यांक अध्यावधिक कार्यक्रम अघि बढाइएकोछ। हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र घोषणा गर्न विभिन्न चरणमा छलफल र अध्ययन भैरहेकाछन्। वडा नंबर ७ मा अण्डा उत्पादन तथा प्रशोधन केन्द्र स्थापना, अन्य वडाहरुमा बाख्रा, भैंसी पालन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन चरणमा गैसकेकाछन्। यसै बिच अमेरिकी सरकारको G2G कार्यक्रम अन्तर्गत नीलकण्ठ नगरपालिकामा जलवायुमैत्री कृषि उद्यमशिलता प्रवर्द्धन परियोजना सञ्चालनका लागि त्रीबर्षीय बजेट र कार्यक्रमको समेत प्रस्तावित खाका तयार भैसकेकोछ। देशभरका स्थानीय तहमा आगामी बर्ष देखि लागू हुने गरी छनौट भएका २ वटा नगरपालिका मध्ये नीलकण्ठ नगरपालिकाले अमेरिकी सरकार संग प्रत्यक्ष सहकार्य गर्न पाउने अवसर प्राप्त गर्नु नगरपालिका र नगरबासीको लागि गौरवको विषय बनेकोछ।

४. मेयर उद्यमशिलता विकास कार्यक्रमलाई सघन रुपमा सञ्चालन गरी उत्पादन, सेवा र रोजगार सृजना गर्ने अभियान द्रुत रुपमा अघि बढिरहेकोछ। नगरका १४ मध्ये हाल सम्म ११ वटा वडामा उद्यमशिलता विकास तालिम सञ्चालन भै सहुलियत ऋण लिने उद्यमीहरुलाई सिफारिस गरिएकोछ। बाँकी ३ वटा

वडामा समेत तत्काल उद्यमशिलता विकास तालिम सञ्चालन गरी १४ वटै वडामा उद्यमशिलता प्रवर्द्धन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५. नीलकण्ठ नगरपालिकालाई तिर्खामुक्त नगरको रुपमा स्थापित गर्ने पूर्व घोषित नीति अनुसार बाँकी रहेका वडा वस्तीहरुमा खोनेपानीको आपूर्ति सहज हुने गरी योजना सञ्चालन भैरहेकोछ। संघीय खानेपानी आयोजना, नगर लगानी कोष र विभिन्न साझेदाहरु संग समन्वय गरी जलवायु अनुकुलित बृहत खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन र लागत अनुमान तयारीको काम हुने प्रक्रियामा रहेकोछ। निर्माणाधीन अवस्थामा रहेका धादिङवेशी बृहत खानेपानी लगायत आयोजना निर्धारित समयमा पुरा गर्न थप पहल कदमी, अनुगमन र निर्देशन गरिएकोछ।

६. नगरवासीको आधारभुत र गहन स्वास्थ्य उपचारका लागि नगर केन्द्रमा रहेको जिल्ला अस्पतालसंग सहकार्य गरी हरेक वडा केन्द्रमा स्थापित नगर स्वास्थ युनिटहरुमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि सहकार्य प्रकृया अघि बढेकोछ। आधारभूत स्वास्थ्य सेवा प्रवाहको गुणस्तर मापनमा ८३ प्रतिशत अंक प्राप्त गरी नीलकण्ठ नगरपालिकाले जिल्लामा प्रथम स्थान हासिल गरेकोछ। चालू बर्षको ६ महिनामा नगरका विभिन्न स्वास्थ्य संस्थामा ४०२ जना सुत्केरीहरुले दक्ष स्वास्थकर्मीबाट डेलिभरी सेवा लिई मातृ शिशु स्वास्थ्य सुरक्षाको प्रभावकारी सेवा लिएकाछन्। सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा, जेष्ठ नागरिक घरदैलो उपचार सेवा, स्वास्थ्य बिमा सहजिकरण, विपन्न नागरिक उपचार सहायता, विपन्न नागरिक मृत्युसंस्कार सहयोग र पोषण प्रवर्द्धन कार्यक्रम स्वास्थ्य क्षेत्रमा नगरपालिकाको घोषित नीति अनुसारका प्रभावकारी कार्यक्रमका रुपमा सञ्चालन भैरहेकाछन्। साथै यसै बर्ष देखि लागू हुने गरी नगरको सरसफाई क्षेत्रमा काम गर्ने मजदुर, सवारी चालक र नगरप्रहरीहरुका लागि निःशुल्क स्वास्थ बिमा कार्यक्रम अघि बढाइएकोछ।

७. नगरपालिकाको दीगो पूर्वाधार, सामाजिक उद्यम र सचेतना परियोजना तथा योजना आयोगको समेत काम गर्ने गरी स्थापना भएको नीलकण्ठ नगर विकास प्राधिकरण मार्फत प्राधिकरणको उद्देश्य अनुरुपका आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न प्राधिकरण ऐन पारित भै कार्यपालिकाबाट प्राधिकरण सञ्चालक समिति गठनको निर्णय समेत भैसकेकाले यसै बर्षको बाँकी अवधिमा प्राधिकरणमार्फत हुनेगरी मूल उद्देश्य अनुसारको कार्य प्रक्रिया अघि बढेकोछ।

८. नगर शिक्षा योजनाको आवधिक समिक्षाका लागि सरोकारवालाहरु, नगरक्षेत्रका प्रधानाध्यापकहरु र शैक्षिक सरोकारवालाहरु संगको बहस छलफल गरिएकोछ। शिक्षा क्षेत्रमा गुणस्तर विकासका लागि रचनात्मक र अतिरिक्त कृयाकलापहरु सञ्चालन भैरहेकाछन्। नगर क्षेत्रका सबै शिक्षण संस्थाहरुमा शैक्षिक अडिट गरी शैक्षिक अवस्थाको वास्तविक अवस्था पहिचान थालनी भएकोछ। भूगोल, सञ्चालित

कक्षा र विद्यार्थी अनुपातलाई विशेष आधार बनाई विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान कार्यको नीतिगत निर्णय भै आगामी शैक्षिक सत्रदेखि कार्यान्वयन गर्ने तयारी गरिएकोछ। हरेक वडामा एक नमूना स्रोत विद्यालय स्थापनाका लागि वडा समिति र सरोकारवालासंग छलफल गरी मापदण्ड निर्माण कार्य जारी रहेकोछ। चालू बर्षको पहिलो ६ महिनामा ४० प्रतिशत बजेट कार्यान्वयन प्रगति गरेको शिक्षा क्षेत्रमा अधिकांश लक्ष्य हासिल गर्ने गरी काम गर्न अभिप्रेरित गरिएकोछ। शिक्षा क्षेत्रमा घोषित नीति अनुसारका बजेट कार्यान्वयनमा सहजिकरण गर्दै कार्य सम्पादन करार सम्झौताको आधारमा कार्यसम्पादनको मुल्यांकन गरी प्रोत्साहन र पुरस्कृत गर्ने कार्य अघि बढाइएकोछ।

९. नगरक्षेत्रका बाँदर पिडित किसानहरुका लागि बैकल्पिक खेती तथा पशुपंक्षी पालनमा विशेष सहयोग गर्ने नीति अनुसार बैकल्पिक खेति र पशुपालनका लागि सम्भाब्यता अध्ययन भैरहेकोछ। यस बर्ष सरोकारवाला किसानहरु संग सहकार्य गरी कार्ययोजना निर्माण गरी आगामी बर्ष बाँदर पिडित क्षेत्रमा सघन बैकल्पिक खेति र पशुपालनका लागि विशेष सहयोग गर्ने गरी बजेट प्रस्ताव गरिनेछ।

१०. नगरको मुख्य केन्द्रको रुपमा रहेको धादिङवेसी बजारलाई सफा, व्यवस्थित र हरियाली शहरको रुपमा विकास गर्ने नीति अनुसार बजारका सवै भित्री सडकहरु समेत कालोपत्रे र ढलान कार्य लगभग सम्पन्न हुने क्रममा रहेकोछ। बजारक्षेत्रको सार्वजनिक जग्गाको खोजी तथा अतिक्रमण न्यूनीकरणका लागि गरिएको नापजाँच अनुसार सार्वजनिक जग्गाको संरक्षण र करिडोर निर्माण कार्यलाई निरन्तरता दिइएकोछ। नगरपालिकालाई उज्यालो नगरका रुपमा सडक बत्ती को ब्यवस्था गर्न थप सडक बत्ति र सौन्दर्ययुक्त बत्तीको ब्यवस्थापन गरिएकोछ। साथै टोल विकास संस्थाहरु संगको सहकार्यमा सडक बत्तिको महशुलमा ५० प्रतिशत रकम साझेदारीमा बेहोरिएकोछ।

११. उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा विक्रीलाई निरुत्साहित गर्दै नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै घडेरी तथा जग्गा विकास व्यवसाय सञ्चालन गर्नु पर्ने नियमलाई अनिवार्य गर्न निरन्तर नियमन गरिएकोछ। बजार र ग्रामीण क्षेत्रमा नमूना सामूहिक आवास कार्यक्रमलाई प्रोत्साहन गर्न सम्भाव्यता अध्ययन गरी उपयुक्त क्षेत्रहरुमा जग्गा एकिकरण )Land Poolingगर्न नीलकण्ठ नगर विकास प्राधिकरण ( मार्फत प्रक्रिया अघि बढाइनेछ।

१२. नगर क्षेत्रमा बन्ने घरको निर्माण पूर्व अनिवार्य नक्सापास गर्ने ब्यवस्थाको प्रभावकारी नियमन गरी विद्युतीय नक्सापास प्रणाली अबलम्बन गर्न सम्भाब्यता अभ्यास शुरु भएकोछ। नगरक्षेत्रको जग्गा बर्गीकरणलाई बैज्ञानिक बनाउँदै बर्गिकृत जग्गाहरुको ब्यवस्थित सदुपयोग गर्ने नीति तयार गर्न नापी कार्यालय धादिङसंग सम्झौता गरी भू-क्षेत्र वर्गिकरण कार्य यथाशक्य चाँडो टुंगिने गरी कार्यप्रारम्भ भएकोछ।

१३. नीलकण्ठ नगर कार्यपालिका कार्यालयको आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गर्न बहुबर्षीय ठेक्का लगाई हाल द्रुत गतिमा निर्माण कार्य अघि बढिरहेकोछ।

१४. नीलकण्ठ नगरपालिकाका सवै ब्यवसायी र करदातालाई करको दायरामा ल्याउन चालू बर्षलाई कर सहभागिता बर्षको रुपमा घोषणा भए अनुसार आउने बर्ष भित्र नगरका सवै घर परिवार, नगरबासी र ब्यवसायीलाई पारिवारिक एवम् ब्यवसायीक फोल्डरमा आधारित तथ्यांक प्रणाली अनुसार अभिलिखित गर्ने कार्य थालन गरिएकोछ। स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले नगरबासी, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, घरेलु तथा साना उद्योग महासंघ, टोल बिकास संस्था र स्थानीय विद्यालय तथा क्याम्पसहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई निरन्तर गर्न आवश्यक कार्य प्रारम्भ भएकोछ।

१५. नगर क्षेत्रमा स्थापित एवम् मुख्य कार्यालय राखी कृयाशिल सवै गैह्र सरकारी संस्थाहरुको दर्ता तथा सूचिकरण गर्न आपश्यक विधेयक मस्यौदा भैसकेकोले यसै अधिवेशनबाट कानून पास गरी दर्ता, सूचिकरण तथा नियमन गर्ने ब्यवस्था गरिएकोछ।

१६. नीलकण्ठ नगरपालिकाको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार आगामी बर्ष भित्र नगरपालिकालाई बातावरणमैत्री नगर घोषणा गर्ने गरी वातावरण क्षेत्रमा योजना र कार्यक्रम सञ्चालन गर्न सम्भाब्य क्रियाकलाप र कार्यक्रम अघि बढाइएकोछ। स्थानीय वन ऐन जारी गरी हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिन कानून मस्यौदा भैरहेकोछ। आगामी बर्षको प्रारम्भसम्ममा कानून जारी गरी नगर क्षेत्रका सामुदायिक, कबुलियती तथा सरकारी वनको संरक्षण, जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम आवश्यकताअनुसार सञ्चालन गरिनेछ। डढेलो नियन्त्रण तथा वातावरणमैत्री कार्यक्रमका लागि जिल्लाका सवै स्थानीय सरकार, सामुदायिक वन समूह, कबुलियति वन, जिल्ला वन कार्यालय र विभिन्न संघ/संस्था संग आवश्यक सहकार्य गर्ने नीति र निर्णय अनुसार एकीकृत कार्ययोजना अघि बढाइएकोछ।

१७. नगर क्षेत्रका सम्पूर्ण सार्वजनिक तथा सरकारी सेवा प्रदायक निकायहरुलाई लैंङ्गिक भेदभावमुक्त स्थलका रुपमा घोषणा गरिएकोछ। संविधानले लक्षित बर्गको रुपमा सम्बोधन गरेका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द्वपीडित, फरक क्षमता भएका नगरवासी, एकल महिला, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरु सञ्चालन भैरहेकाछन्।

१८. महिलाहरुको समग्र विकास, रोजगारी, प्रजनन स्वास्थ्य, समानता र पहूँच स्थापित गर्न नगरपालिकाका निर्वाचित महिला जनप्रतिनीधिहरुको नेतृत्वमा सञ्चालन हुने गरी **महिलाका लागि महिला जनप्रतिनिधि**

परियोजना १४ वटै वडा समितिहरु संग सहकार्य गरी सञ्चालन गर्न कार्यान्वयन कार्ययोजना तयार भैसकेकोछ। महिलाको क्षेत्रमा हुने सवै कार्यक्रम, सशक्तिकरण र समान पहूँचका लागि एकीकृत कार्यक्रमका रुपमा महिलाका लागि महिला जनप्रतिनीधि कार्यक्रम सञ्चालन कार्यविधि जारी गरी निरन्तर परियोजनाका रुपमा अघि बढाउने कार्यको थालनी भएकोछ।

१९. दलित बर्गको उत्थान सशक्तिकरण र विकासका लागि तयार भएको दलित शसक्तिकरण रणनीतिक योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक बजेट र योजनासहित क्रियाकलाप सञ्चालन भैरहेकोछ। दलित महिला जनप्रतिनीधिहरुको क्षमता विकास, सवै वडामा दलित लक्षित आय आर्जन कार्यक्रमका लागि आवश्यकता पहिचान र माग अनुसारको कार्यक्रम सञ्चालनका क्रममा रहेकाछन्।

२०. युवाहरुको सर्वाङ्गिण विकास र सशक्तिकरणका लागि क्षमता विकास, रोजगारी, प्रशासनीक क्षेत्रमा सहभागिता एवम् सामाजिक सेवामा अभिप्रेरित गर्न युवा संग उपमेयर कार्यक्रम युवाहरुको माग र आवश्यकताको पहिचानका साथ अघि बढाउने तयारी भैरहेकोछ। नगरका युवाहरुमाझ नवप्रवर्तनात्मक कार्यशालाका साथ युवाहरुलाई मेयर उद्यमशिलता कार्यक्रम, सृजनात्मक एवम् आविश्कारजन्य कार्य प्रवर्द्धन गर्ने गरी क्रियाकलाप अघि बढाइएकोछ।

**नगर सभा सदस्यज्यूहरुः,**

२१. बैदेशिक रोजगारीलाई विप्रेषणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै बैदेशिक रोजगारीमा जानुपूर्वको सचेतना, बैदेशिक रोजगारीबाट प्राप्त कमाईको सदुपयोग र रोजगारीबाट फर्केपछिको ज्ञान सिप लाई सदुपयोग गर्न आवश्यक कार्यक्रम सुरक्षित आप्रवासन कार्यक्रममार्फत सञ्चालन भैरहेकोछ। नीलकण्ठ नगरपालिकाको नेतृत्व र समन्वयमा सञ्चालन भैरहेको सुरक्षित आप्रवासन परियोजना मार्फत अन्तरपालिका सिकाई आदानप्रदान, बैदेशिक रोजगारीका नाममा हुने ठगी, मानसिक तनाब र पारिवारिक समस्याको समाधान गर्न आवश्यक सहजिकरण, मनोपरामर्श र वित्तिय साक्षरताका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भैरहेकोछ। स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसंग सम्बन्धित विषयलाई ब्यवस्थित गर्न नीलकण्ठ नगरपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकीकृत रुपमा प्रवाह गर्न थप समन्वयका साथ आवश्यक ब्यवस्था गरिनेछ।

२२. नीलकण्ठ नगरपालिकालाई खेलमैत्री नगरका रुपमा स्थापीत गर्न सवै खेलको प्रवर्द्धन र खेलाडीहरुको प्रोत्साहन एवम् सम्मान कार्यक्रम सञ्चालन गरिएकोछ। विद्यालयस्तरमा राष्ट्रपति रनिङ शिल्डलाई नगर खेलकुद उत्सवका रुपमा र अन्य विभिन्न खेल प्रतियोगिताहरुलाई माग र आवश्यकताको आधारमा सञ्चालन गरिएकोछ। जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा लगातार दोस्रो पटक प्रथम स्थान

हासिल गरेकोछ। धादिङवेसीको खुल्लामञ्च क्षेत्रलाई नमुना हरित खेल मैदानको अवधारणामा स्तरोन्नती गर्न गरिएको बजेट ब्यवस्थाबाट बहूआयामिक खेल मैदान निर्माण कार्य भैरहेकोछ।

२३. **नगरको सफाई र आकर्षणः फोहोर मैलाको उचित विसर्जन र व्यवस्थापन** भन्ने घोषित नीतिलाई स्थापित गर्न नगर सरसफाई कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिएकोछ। व्यवस्थित डम्पिङ साइट, कुचिकार र सफाई उपकरण तथा फोहोरमैला प्रशोधन प्रविधिमार्फत् नियमित र प्रभावकारी रुपमा नगर सरसफाई अभियान नगरमा क्रियाशिल टोल विकास संस्था, नेपाली सेना, शसस्त्र र जनपद प्रहरी एवम् नगरका विभिन्न संघ संस्थाहरु संगको सहकार्यमा सञ्चालन भैरहेकोछ। स्रोतमै फोहोरको बर्गिकरण गरी बैज्ञानिक विधिबाट फोहोर मैला ब्यवस्थापन गर्न अल्पकालीन र दीर्घकालीन रणनीतिक योजना अनुसार काम भैरहेकोछ।

२४. नीलकण्ठ नगरपालिकाको समृद्धिको आधारको रुपमा पहिचान गरिएको पर्यटन क्षेत्रको विकास गर्न नगर पर्यटन गुरुयोजनाले निर्दिष्ट गरेका गन्तब्यहरुको प्रवर्द्धन तथा निर्माण कार्य भैरहेकोछ। भैरवी पर्यटन क्षेत्रको प्रवर्द्धन, चमेरे गुफाको सौन्दर्यीकरण, भंगेरीचुली मन्दीर, पशुपति मन्दीर, सल्लाघारी पार्क, सल्लाघारी बगैंचा, रामकोट दरबार, पौवा दरवारको पुननिर्माण तथा नगरक्षेत्रभित्र रहेका होम स्टेहरुको स्तरबृद्धि, साइक्लीङ, हाइकिङ, रक क्लाइम्बीङ जस्ता पर्यटकीय खेलहरुको प्रवर्द्धन कतिपय सम्पन्न भएका छन् भने बाँकी योजना कार्यान्वयन हुने चरणमा रहेकाछन्।

२५. नीलकण्ठ नगर प्रज्ञा प्रतिष्ठान मार्फत ललितकला, साहित्य, ज्ञान, विज्ञान, सृजना र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रम सञ्चालन भैरहेकाछन्। नगरको विशेष पहिचान र नगर क्षेत्रका प्राज्ञिक ब्यक्तित्वहरुको लेख रचना सहित राष्ट्रिय रुपमै वितरण हुने गरि प्रज्ञा प्रवाह प्रकाशन र विभिन्न रचनात्मक कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन भैरहेकाछन्।

२६. नीलकण्ठ नगरपालिकालाई वालमैत्री नगर घोषणा गर्ने घोषीत नीति अनुसार बालबालिका ऐन र एकीकृत कार्यविधि तयार भै आगामी बर्ष भित्रैमा सवै वडाहरुमा बालमैत्री वडा र बालमैत्री नगर घोषणा हुने गरी कार्ययोजनाका साथ क्रियाकलाप अघि बढिरहेकोछ। वडालाई बालमैत्री वडा घोषणा गर्न निर्धारित सवै सूचकहरु पुरा गर्ने गरी कार्यक्रम सञ्चालन गरी आगामी बर्ष भित्र बालमैत्री नगर घोषणा गरिनेछ।

२७. नगर प्रशासन र नगरबासीहरुमा सूचना, समाचार, कार्यक्रम, लेख रचना सामग्रीमार्फत प्रकाशन प्रसारण गर्न नगरबाट सञ्चालित रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईनसंग आवश्यक समन्वय र सहकार्यमा भैरहेकोछ। नगर क्षेत्रका पत्रकारहरुको क्षमता बृद्धिका लागि पत्रकारिता तालिम सञ्चालन भएकोछ भने नेपाल पत्रकार महासंघ संगको सहकार्यमा नीलकण्ठ नगर विकास पत्रकारिता पुरस्कार वितरणको लागि कार्यविधि जारी गरी यसै बर्ष देखि प्रारम्भ गर्न आवश्यक प्रक्रिया अघि बढाइएकोछ।

२८. नीलकण्ठ नगरपालिकालाई विपद् ब्यवस्थापनमा नमूना नगरको रुपमा स्थापीत गर्न विपद् प्रतिकार्यमा तत्काल राहत तथा पुनर्स्थापना, विपद् ब्यवस्थापन स्रोत केन्द्र, आपतकालीन कार्यसञ्चालन केन्द्र, विपद् स्वयंसेवक, फायर फाइटर र नगरप्रहरीको क्षमता विकास गरी चुस्त दुरुस्त अवस्थामा राख्न आवश्यक समन्वय र परिचालन गरिएकोछ। नगर स्तरीय विपद् ब्यवस्थापन कोष र समिति एवम् वडा स्तरीय विपद् ब्यवस्थापन समितिको क्षमता विकास गरी थप जिम्मेवार र क्रियाशिल बनाउन आवश्यक सामाग्री खरिद भैसकेकोछ भने तत्काल सवै वडामा अभिमुखिकरण कार्यक्रम सञ्चालन हुँदैछ। पूर्वाधारका हरेक योजना बाट ३ प्रतिशत रकम कट्टा गरी पर्यावरण संरक्षण र विपद् जोखिम न्युनिकरण क्षेत्रमा विपद् ब्यवस्थापन कोष मार्फत खर्च गर्ने नीतिलाई निरन्तर गरिनेछ।

२९. कार्यपालिका सदस्यहरुले नेतृत्व गर्ने विषयगत समितिकाअलावा युवा, महिला, आदिवासी जनजाति, दलितवर्ग, किसान, शिक्षा, सहकारी, खेलकुद जस्ता विषयलाई समेट्न नगरस्तरीय विषयगत समिति निर्माण गर्न कानून मस्यौदा र समन्वयात्मक क्रियाकलाप अघि बढाइनेछ।

३०. बिचारमा विविधता विकासमा एकताको सूत्रलाई आत्मसाथ र निरन्तर गर्दै नगर विकासका लागि विभिन्न राजनीतिक दल तथा नागरिक समाज एवम् विषय विज्ञहरले दिएका सुझाब र अघिसारेका राम्रा योजनाहरुलाई प्राथमिकताका साथ नगर विकास कार्यक्रममा समावेश गरिनेछ।

**<u>नगरसभा सदस्यज्युहरुः,</u>**

नगरबासीको चाहना र आवश्यकताको सम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरिएको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम अनुरुप भएको बजेट बिनियोजन र कार्यान्वयनको अवस्था सहितको मूलभूत समिक्षा प्रतिवेदन तपाईहरु माझ प्रस्तुत गरेकोछु। नगरपालिकाबाट जारी सवै नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन मार्फत समृद्धि नीलकण्ठ नगर निर्माणको लक्ष्य हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै तपाईं सवै जनप्रतिनीधिहरु, कर्मचारी मित्रहरु, सुभेच्छुकहरु, सहयोगी दातृ निकाय, संघसंस्थाहरु एवम् नगरबासीहरुको निरन्तर साथ र सहयोगको अपेक्षा राखेको छु।

जय नीलकण्ठ !

जय नेपाल !

२०८० साल माघ २८ गते आइतवार

## नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको चौथो अधिवेशनमा

## उप प्रमुख दिपक विश्वकर्माद्वारा प्रस्तुत आ.व.२०७९/०८० को यथार्थ आय /व्यय र यस आ.व. २०८०/०८१ को संसोधित बजेट तथा कार्यक्रम

मितिः २०८०/१०/२८

**श्री नगर सभाका अध्यक्षज्यू**
**प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्युहरु,**
**एवम् कर्मचारी मित्रहरु तथा पत्रकारज्यू,**

आज हामीहरु नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको चौथो अधिवेशनमा उपस्थित भएका छौं। आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु। यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु। साथै सम्पुर्ण घाइते योद्धा तथा पिडित परिवार प्रति सम्मान व्यक्त गर्दछु। राष्ट्रियता स्वाधिनता सामाजिक न्याय समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु। मुलुकमा संघीयता कार्यान्वयन संगसंगै हामी निर्वाचित भएको अवधि देखि नै नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ। यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सहयोग पुऱ्याउनुहुने सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु, पत्रकार, नागरिक समाज तथा नगरबासी लगायत सवै सरोकारवाला निकायको उच्च मूल्याङकन गर्दछु। आगामी दिनमा सबै सरोकारवालाहरुको पुर्णरुपमा सहयोगको अपेक्षा गर्दछु।

अब म गत आ२०७९ व./८० को बजेट तथा खर्चको यथार्थ विवरण प्रस्तुत गर्दछु।

| बजेट | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ८९,३२,००,९९१-/ | ७२,३९,२४,३१२-/४०. | ८१०४. |

| | | | |
|---|---|---|---|
| पुँजिगत | ६२,७३,०३,२६४-/ | ४४,७१,३६,०४७-/०१. | ७१२७. |
| कुल जम्मा | १,५२,०५,०४,२५५ | १,१७,१०,६०,३५९१. | ७७.०१ |

**नगरसभा अध्यक्षज्यू,**

चालु आ .व.०८०८१/ को लागि यस नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको तेस्रो अधिवेशनबाट स्वीकृत वजेट तथा कार्यक्रमको विषयमा हामी सबैलाई विदितै छ। उक्त स्वीकृत वजेट तथा कार्यक्रममा विभिन्न निकायबाट केही थप वजेट प्राप्त हुन आएको र थप वजेटवाट विभिन्न संघिय कार्यक्रमहरुमा विनियोजन भएका योजना तथा कार्यक्रमहरु समावेश हुनजाँदा र क्षेत्रगत रुपमा विनियोजित विभिन्न कार्यक्रमहरुमा विनियोजन वजेट घटी वढी हुनगएको हुँदा सो को संशोधित विवरण सभामा प्रस्तुत गर्दै अनुमोदनका लागि प्रस्तुत गरेको छु।

दोस्रो नगरसभाको तेस्रो अधिवेशनबाट विनियोजित वजेट चालुतर्फ रु8२ ,५७,०७,१७७५२.।–र पुँजिगततर्फ रु ३६,४०,00,३००१४.।–गरी कुल जम्मा रु1,18,९७,०७,४७७६६.।–को वजेट अनुमान गरी सो अनुसार विनियोजन भएकोमा सशर्त अनुदानतर्फ थप प्राप्त अख्तियारी वमोजिम पुँजिगत तथा चालू शिर्षकमा केही रकम थप घट हुन गएकाले अनुसूची-१ र अनुसूची-२ बमोजिम चालु आ.व.०८०/०८१ का लागि देहाय अनुसारको वजेट/कार्यक्रम संशोधन हुन गएको व्यहोरा प्रस्तुत गर्दछु।

LMBIS अनुसार संघ सशर्त अनुदान रकममा अनुसूची-२ बमोजिमको रु ५३,५४,000.00-/ वृद्धि भएको छ भने गत आव.. को अ.ल्या. रकम रु. १४,६२,१६,७४५मध्ये रु -/८९.. १०,०५,००,000.00 दोस्रो नगरसभाको तेस्रो अधिवेशनमा -/बजेट श्रोत एकिन गरिएको र बाँकी अ.ल्या. रकम रु. ४,५७,१६,७४५यस दोस्रो नगरसभाको चौथो अधिवेशनमा बजेट श्रोत -/८९. व.एकिन गरिएको हुँदा चालु आ. को बजेट रु.५,१०,७०,७४५ले वृद्धि हुने भएको छ। -/८९. चालु आ० व.८० मा राजश्व बाँडफाँड संघ ८१/र प्रदेश, आन्तरिक स्रोत, र मालपोत रजिस्ट्रेसनबाट प्राप्त हुने लक्ष्य शत प्रतिशत प्राप्त नहुने आकलन भई श्रोतको अभाव हुने देखिएकाले योजनाको दायित्व सिर्जना भइसक्ने हुँदा सोही परिपूर्ति तथा यस नगरपालिकाको स्विकृत वहुबर्षिय योजनामासमेत प्रयोग गर्न तथा सशर्त अनुदान बमोजिमका कार्यक्रम गर्न संशोधित प्रस्ताव गरेको छु।

**सभा अध्यक्षज्यू,**

**अब म चालू आर्थिक वर्षको हालसम्मको प्रगति विवरण यस सम्मानीत सभासमक्ष पेश गर्ने अनुमती चाहन्छु ।**

आ२० .व.८० को ०८१/हालसम्म चालुतर्फ रहेको बजेट रु. ८३,१०,६१,१७७।५२.- मा रु. ३०,९४,४७,४८१खर्च भएको -६४. छ भने पुंजीगत तर्फ कुल विनियोजित बजेट रु. ३६,४०,००,३००।१४.- बाट रु. ७,८४,६३,०९३खर्च भएको छ। यसरी - / हेर्दा चालु खर्च ३७२३. प्रतिशत रहेको छ भने पूजिगत खर्च २१ प्रतिशत खर्च रहेको ५५.देखिन्छ र नगरपालिकाको कुल खर्च प्रतिशत ३२रहेको छ । क्षेत्रगत ४५. रुपमा भएको खर्च विवरण अनुसूचि-३ मा पेश गरेको छु।

आन्तरीक राजश्व छ करोड रुपैयाँ हुने अनुमान गरिएकोमा हालसम्म जम्मा १ करोड ५२ लाख ५७ हजारमात्र संकलन भएकोछ। मालपोत तर्फको राजश्व बाँडफाँडको रकम २ करोड हुने अनुमान गरिएकोमा हालसम्म जम्मा ६० लाख ३३ हजार प्राप्त भएको छ।सङ्घीय सरकार र प्रदेश सरकारबाट राजश्व बाँडफाँडवापत हालसम्म प्राप्त रकम तथा आन्तरीक आयको हालसम्मको अनुपात अनुसूची-४ बमोजिम हेर्दा राजश्वको प्राप्ति शत प्रतिशत हुने सम्भावना कम देखिन्छ। यस्तो अवस्थामा यहाँहरु सवै जिम्मेवार ढंगले स्रोत सुनिश्चिता गर्न एकाकार भई लाग्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु।

चालु आ० व.८०क ८१/ो हालसम्मको आय तथा व्यायको समग्र अवस्थाले चित्रण गरेअनुसार यस आर्थिक वर्षको अन्तसम्ममा आन्तरीक राजश्व लगायतका क्षेत्रमा आय तर्फको हिस्सा कम हुन जानसक्ने अवस्थामा दोस्रो नगरसभाको तेस्रो अधिवेसनबाट स्विकृत योजना तथा कार्यक्रमहरुमा प्राथमिकताको आधारमा योजना सम्झौता एवम् कार्यान्वयन तथा भुक्तानीको व्यवस्था मिलाएको छु। अन्तमा, समयमा नै बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुन सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु र समग्र नगरवासीहरुमा अनुरोध गर्दछु।

जय नीलकण्ठ !

# अनुसूचि-१

## चालु आव.. २०८०/०८१ को संशोधित स्रोत अनुमान

| सि.नं. | स्रोत समूह | बजेटको स्रोततह/ | स्रोत | विधि | अनुमानित आय |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार नेपाल सरकार १३३११समानिकरण अनुदान नगद अनुदान- | | | | २१,२१,००,०००/- |
| २ | संघीय सरकारनेपाल सरकार १३३१२ शसर्त अनुदान-चालु र पूजिगत नगद अनुदान 4६ ,८८,५४,000 / - | | | | |
| २१. | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | ४०,६४,७८,०००/- |
| २२. | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद ऋण | ५२,३४,०००-/ |
| | संघीय सरकार | नेपाल सरकार युरोपियन युनियन | शसर्त अनुदान चालु | नगद अनुदान वैदेशिक | 3,00,000/- |
| 2.3 | बैदेशिक श्रोत | एस.पि .एस .इ. | अन्तराष्ट्रिय अन्तर-सरकारी संस्थाबाट प्राप्त चालु तर्फको ऋण | सोधभर्ना हुने ऋण (बैदेशिक) | 2,४६,२८,-/000 |
| २४. | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | ४८,००,०००/- |
| २५. | बैदेशिक श्रोत | एस.पि .एस .इ. | सोधभर्ना हुने अनुदान चालु तर्फ | सोधभर्ना अनुदान ( बैदेशिक) | 1,४३,१४,-/000 |
| 2.6 | संघीय सरकार | नेपाल सरकार/आन्तरिक ऋण | सशर्त अनुदान पूजिगत | नगद अनदान | १,२९,00,-/000 |
| 2.7 | बैदेशिक श्रोत | आई डि ए | अन्तराष्ट्रिय अन्तरसरकारी - संस्थाबाट प्राप्त पूजिगत अनुदान | सोधभर्ना हुने ऋण (बैदेशिक) | २,00,-/000 |
| 3.1 | प्रदेश सरकार | वाग्मती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | 2,४२,१५,-/000 |
| 3.2 | प्रदेश सरकार | वाग्मती प्रदेश | शसर्त अनुदान चालु | नगद अनुदान | ३,७०,०२,-/000 |
| 3.3 | प्रदेश सरकार | वाग्मती प्रदेश | विषेश अनुदान चालु | नगद अनुदान | १,00,00,-/000 |

| | | | | | |
|---|---|---|---|---|---|
| 3.4 | प्रदेश सरकार | वाग्मती प्रदेश | समपुरक अनुदान चालु | नगद अनुदान | *३,००,००,- /000* |
| 4.1 | राजस्व बाडफाड | राजस्व बाँडफाँड प्रदेश - सरकार | राजस्व बाँडफाँड | नगद | *6,६४,९६,४७७.६६ /-* |
| 4.2 | राजस्व बाडफाड | राजस्व बाँडफाँड संघीय - सरकार | राजस्व बाँडफाँड | नगद | *14,03,९४,- /000* |
| 4.3 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | *१४,६२,१६,७४५ /८९.-* |
| 4.4 | राजस्व बाडफाड | मालपोत रजिष्ट्रेसन दस्तुर | आन्तरिक श्रोत | नगद | *२,00,00,- /000* |
| 4.5 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | *6,00,00,- /000* |
| 5 | संघीय सरकार | नेपाल सरकार | समपुरक अनुदान | नगद अनुदान | *५0,00,- /000* |
| 6 | संघीय सरकार | नेपाल सरकार | विशेष अनुदान | नगद अनुदान | *२,०५,00,- /000* |
| **जम्मा** | | | | | ***1,२४,०७,७८, /2२३.५५-*** |

## अनुसूचि-२

## चालु आव.. २०८०/०८१ सशर्त तर्फको LMBIS मा संशोधन भै आएका कार्यक्रम

| कार्यक्रम शीर्षक | दातृ संस्था | श्रोत | विनियोजन रकम |
|---|---|---|---|
| कक्षा १० र १२ मा विपन्न लक्षित छात्रवृत्ती कार्यक्रम | नेपाल सरकार | नगद | ७८,०००-/ |
| कक्षा १० र १२ मा विपन्न लक्षित छात्रवृत्ती | एसपि.एस.इ. | शोधभर्ना हुने अनुदान | १४,०००-/ |
| कक्षा १० र १२ मा विपन्न लक्षित छात्रवृत्ती | एसपि.एस.इ. | शोधभर्ना हुने ऋण | २८,०००-/ |
| मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी विरामीहरुलाई औषधी उपचार खर्च वापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | नेपाल सरकार | आन्तरिक ऋण | 24,90,000/- |
| सबै स्थानीय तहहरुमा क्षयरोग मुक्त स्थानीय तह अभियानका विभिन्न क्रियाकलापहरु | नेपाल सरकार | आन्तरिक ऋण | २७,४४,000/- |
| **कुल रकम** | | | ५३,५४,०००-/ |

## अनसूचि ३

## चालू आर्थिक वर्ष २०८०।०८१ को हालसम्मको क्षेत्रगत खर्चको अवस्था

| सि.नं. | क्षेत्रउप/ क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **१५,९८,७३,०७१००.** | **४,१२,४१,५००२०.** | **२५८.** | **११,८६,३१,५७०८०.** |
| १ | कृषि | १३,७१,६५,०००००. | ३,५१,२५,५१२२०. | २५६१. | १०,२०,३९,८७८०. |
| २ | उद्योग | १८,००,००० | ३,५१,२५,५१२२०. | २०२. | १४,३६,३४०००. |
| ३ | पर्यटन | ३०,००,०००००. | २४,९९,०३३००. | ८३३. | ५,००,९६७००. |
| ४ | सहकारी | ४,४०,४२१००. | ४,४०,४२०००. | १०० | १००. |
| ५ | जलश्रोत तथा सिंचाई | ६९,५०,०००००. | २,७४,१६०००. | ३९४. | ६६,७५,८४०००. |
| ६ | पशुपन्छी विकास | १,०५,००,०००००. | २५,३८,७१५००. | २४१८. | ७९,३१,२८५००. |
| ७ | वाणिज्य | १७,६५०००. | ०००. | ० | १७,६५०००. |
| **२** | **सामाजिक विकास** | **४७,६४,०५,९७८००.** | **१८,९५,२३,३४६१२.** | **३९७८.** | **२८,६८,८२,६३१८८.** |
| १ | शिक्षा | ३४,१२,७३,०००००. | १५,२२,३१,५८२००. | ४४६१. | १८,९०,४१,४१८००. |
| २ | स्वास्थ्य | ७,७६,८०,०००००. | २,७९,२१,३८२२२. | ३५९४. | ४,९७,५८,६१७७८. |
| ३ | खानेपानी तथा सरसफाई | १,६४,००,०००००. | ३१,८४,३३२००. | १९४२. | १,३४,१५,६६८००. |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,११,१०,९७८००. | ९,०४,३०३५०. | ८१४. | १,०२,०६,६७४५०. |
| ५ | युवा तथा खेलकुद | १,५४,००,०००.०० | १५,८६,३८२००. | १००३. | १,३८,१३,३१८००. |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | १,४५,४२,०००००. | ३६,९५,३६४४०. | २५४१. | १,०८,४६,६३५६०. |
| **३** | **पूर्वाधार विकास** | **३०,९६,५६,३००१४.** | **६,८२,४६,१०५००.** | **२२०४.** | **२४,१४,१०,१९५१४.** |
| १ | यातयात पूर्वाधार | १८,४७,०८,०५२००. | ३,०२,९०,८८७००. | १६३९. | १५,४४,१७,१६५००. |
| २ | भवन, आवास तथा सहरी विकास | १०,९५,७१,२४८१४. | ३,५९,०७,१७३००. | ३२७७. | ७,३६,६४,०७५१४. |
| ३ | उर्जा | ३५,००,०००००. | ११,६४,०००००. | ३३२६. | २३,३६,०००००. |
| ४ | संचार तथा सूचना प्रबिधि | ६०,००,०००००. | ०००. | ० | ६,००,०००००. |
| ५ | सम्पदा पूर्वाधार | १,५०,०००००. | ०००. | ० | १,५०,०००००. |
| ६ | पुननिर्माण | ५७,२७,०००००. | ८,८४,०४५००. | १५४४. | ४८,४२,९५५००. |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **४,९५,५०,०००००.** | **८१,३९,२५५००.** | **१६४३.** | **४,१४,१०,७४५००.** |
| १ | वातावरण तथा जलवायु | १७,००,०००००. | ०००. | ००. | १७,००,०००००. |
| २ | विपद व्यवस्थापन | १,७८,००,०००००. | ४६,६०,०००००. | २६१८. | १,३१,४०,०००००. |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मानब संशाधन विकास | १५,००,०००००. | १,७५,६७०००. | ११७१. | १३,२४,३३०००. |
| ४ | कानुन तथा न्याय | १५,००,०००००. | ०००. | ० | १५,००,०००००. |
| ५ | तथ्यांक प्रणाली | ९,००,०००००. | ५,२२,००२००. | ५८ | ३,७७,९९८००. |
| ६ | गरिबी निवारण | ७,५०,००००००. | १२,००,०००००. | १६ | ६३,००,०००००. |
| ७ | श्रम तथा रोजगारी | १५,००,०००००. | १,६१,७५०००. | १०७८. | १३,३८,२५०००. |
| ८ | प्रशासकीय सुशासन | १,७१,५०,०००००. | १४,१९,८३३००. | ८२७. | १,५७,३०,१६७००. |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१९,९५,७६,१२८५२.** | **८,०७,५२,३६८३२.** | **४०४६.** | **११,८८,२३,७६०२०.** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९,९५,७६,१२८५२. | **८,०७,५२,३६८३२.** | ४०४६. | ११,८८,२३,७६०२०. |
| **कुल जम्मा** | | **१,१९,५०,६१,४७७६६.** | **३८,७९,०२,५७४६४.** | **३२४५.** | **८०,७१,५८,९०३०२.** |

## अनुसूचि-४

## चालु आव.. २०८०/०८१ को हालसम्मको संचित कोष खातामा आम्दानीको अवस्था

| अनुदान | अख्तियारी | संचित कोष खातामा आम्दानी रकम | निकासा बाँकी रकम |
|---|---|---|---|
| संघ समानिकरण | २१,२१,००,००० | १०,६०,५०,००० | १०,६०,५०,००० |
| संघ विशेष | २,०५,००,००० | ० | २,०५,००,००० |
| संघ समपुरक | ५०,००,००० | ० | ५०,००,००० |
| संघ सशर्त अनुदान | _ | | |
| नेपाल सरकार | ४०,६४,७८,००० | २०,३२,००,००० | २०,३२,७८००० |
| एस ई एस पि सोध भर्ना अनुदान चालु | १,४३,१४,००० | ७१,५०,००० | ७१,६४,००० |
| युरोपियन युनियन नगद अनुदान | ३,००,००० | २०,००० | २,८०,००० |
| आ ई डि ए सोध भर्ना ऋण चालु | ४८,००,००० | २४,००,००० | २४,००,००० |
| एस ई एस पि सोध भर्ना ऋण चालु | २,४६,२८,००० | १,२३,००,००० | १,२३,२८,००० |
| नेपाल सरकार आन्तरिक ऋण पुजिगत | १,२९,००,००० | ४९,५०,००० | ७९,५०,००० |
| आ ई डि ए सोध भर्ना ऋण पुजिगत | २,००,००० | १,००,००० | १,००,००० |
| नेपाल सरकार आन्तरिक ऋण चालु | ५२,३४,००० | ४,२३,३०० | ४८,१०,७०० |
| प्रदेश विशेष अनुदान | १,००,००,००० | ५०,००,००० | ५०,००,००० |
| प्रदेश समानिकरण अनुदान | २,४२,१५,००० | १,२१,०७,५०० | १,२१,०७,५०० |
| प्रदेश समपुरक अनुदान | ३,००,००,००० | १,५०,००,००० | १,५०,००,००० |
| प्रदेश सशर्त अनुदान | ३,७०,०२,००० | १,८५,०१,०००० | १,८५,०१,००० |
| राजश्व बाँडफाँड संघ | १४,०३,९४,००० | ४,४३,३५,३०६.२५ | ९,६०,५८,६९३.७५ |
| राजश्व बाँडफाँड प्रदेश | ६,६४,९६,४७७.६६ | २,८९,५५,६५०.६ | ३,७५,४०,८२७.१ |
| राजस्व बाँडफाँड स्थानीय (मालपोत) | २,००,००,००० | ६०,३३,७१४ | १,३९,६६,२८६ |
| आन्तरिक राजस्व | ६,००,००,००० | १,५२,५७,२९८.१४ | ४,४७,४२,७०१.८६ |
| कुल जम्मा | १,०९,४५,६१,४७७.६६ | ४८,१७,८३,७६८.९१ | ६१,२७,७७,७०८.७५ |

माथि पेश भएका विभिन्न शिर्षकगत बजेटको अवस्था हेर्दा चालु आ.व.२०८०/०८१ मा राजश्व बाँडफाँड संघ र प्रदेश तथा आन्तरिक श्रोत तर्फको बजेट तथा मालपोत रजिस्ट्रेसनबाट प्राप्त हुने लक्ष्य शत प्रतिशत प्राप्त नभई श्रोतको अभाव हुन जाने देखिन्छ तथापि योजनाको दायित्व सिर्जना भइसकेको हुँदा नगरपालिकाबाट विनियोजन भएका कार्यक्रमहरु प्राथमिकताको आधारमा योजना सम्झौता एवम् कार्यान्वयन तथा भुक्तानीको व्यवस्था मिलाइको छ । अन्तमा, समयावधि भित्रै बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुन सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु र समग्र नगरवासीहरुमा अनुरोध गर्दछु ।

**जय नीलकण्ठ ।।।**

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको दोस्रो अधिवेशनका निर्णयहरु:

१. **कार्यसूचि स्वीकृत गर्ने सम्वन्धमाः,**

यस नगरपालिकाको दोस्रो नगर सभाको चौंथो अधिवेशन सञ्चालानर्थ देहाय वमोजिमको कार्य तालिका तथा समय तालिका स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

(कार्यविधिको दफा ७ को उपदफा (१) संग सम्बन्धित)

नीलकण्ठ नगरपालिका

दोस्रो नगरसभाको चौंथों अधिवेशन

**कार्यसूची र समयतालिका**

| मिति | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।१०।२८ | विहान ११:०० बजे | राष्ट्रिय धुन बजाउने | | |
| २०८०।१०।२८ | विहान ११:०५ बजे | बैठक प्रारम्भ | सभाध्यक्ष (नगर प्रमुख) | |
| २०८०।१०।२८ | विहान ११:०५ बजे | प्रमुखबाट नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा प्रतिवेदन | नगर प्रमुख | |
| २०८०।१०।२८ | विहान ११:२५ बजे | नीति तथा कार्यक्रम समिक्षा प्रतिवेदनमाथि छलफल | नगर सभा सदस्य (प्रतिसदस्य वढीमा ५ मिनेट) | |
| २०८०।१०।२८ | विहान ११:५५ बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्ताव पेश | उपप्रमुख | |
| २०८०।१०।२८ | दिउसो १२:१० बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्तावमाथि छलफल | नगर सभा सदस्य (प्रतिसदस्य वढीमा ५ मिनेट) | |
| २०८०।१०।२८ | दिउसो १२:३० बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्ताव निर्णयार्थ पेश | सभाध्यक्ष (नगर प्रमुख) | |

| | | | | |
|---|---|---|---|---|
| २०८०।१०।२८ | दिउसो १२:३५ बजे | प्रस्तावित वालवालिका सम्बन्धी विद्येयक, २०८० पेश | | |
| २०८०।१०।२८ | दिउसो १२:४५ बजे | प्रस्तुत विद्येयकमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १२:५५ बजे | प्रस्तावित सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी विद्येयक, २०८० पेश | | |
| २०८०।१०।२८ | दिउसो १:०५ बजे | प्रस्तुत विद्येयकमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १:१५ बजे | नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ मा पहिलो संशोधन प्रस्ताव पेश | | |
| २०८०।१०।२८ | दिउसो १:२० बजे | प्रस्तुत संशोधनमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १:३५ बजे | आगामी आ.व.को लागि प्रस्तावित G2G कार्यक्रम पेश, टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १:४५ बजे | विभिन्न समितिहरुको प्रतिवेदन पेश, टिप्पणी र निर्णायार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो २:०० बजे | विविध विषयमा प्रस्ताव पेश, टिप्पणी र निर्णायार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो २:३० बजे | बैठक समापन | | |

## छलफलको समय तालिका

| मिति | समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | कैफियत |
|---|---|---|---|---|
| २०८०।१०।२८ | विहान ११:०० बजे | राष्ट्रिय धुन बजाउने | | |
| २०८०।१०।२८ | विहान ११:०५ बजे | बैठक प्रारम्भ | सभाध्यक्ष (नगर प्रमुख) | |
| २०८०।१०।२८ | विहान ११:०५ बजे | प्रमुखबाट नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा प्रतिवेदन | नगर प्रमुख | |
| २०८०।१०।२८ | विहान ११:२५ बजे | नीति तथा कार्यक्रम समिक्षा प्रतिवेदनमाथि छलफल | नगर सभा सदस्य | |
| २०८०।१०।२८ | विहान ११:५५ बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्ताव पेश | उपप्रमुख | |

| | | | | |
|---|---|---|---|---|
| २०८०।१०।२८ | दिउसो १२:१० बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्तावमाथि छलफल | नगर सभा सदस्य (प्रतिसदस्य वढीमा ३ मिनेट) | |
| २०८०।१०।२८ | दिउसो १२:३० बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्ताव निर्णयार्थ पेश | सभाध्यक्ष (नगर प्रमुख) | |
| २०८०।१०।२८ | दिउसो १२:३५ बजे | वालवालिका सम्बन्धी विद्येयक, २०८० पेश | | |
| २०८०।१०।२८ | दिउसो १२:४५ बजे | प्रस्तुत विद्येयकमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १२:५५ बजे | सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी विद्येयक, २०८० पेश | | |
| २०८०।१०।२८ | दिउसो १:०५ बजे | प्रस्तुत विद्येयकमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १:१५ बजे | नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ मा पहिलो संशोधन प्रस्ताव पेश | | |
| २०८०।१०।२८ | दिउसो १:२० बजे | प्रस्तुत संशोधनमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १:३५ बजे | आगामी आ.व.को लागि प्रस्तावित G2G कार्यक्रम पेश, टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो १:४५ बजे | विभिन्न समितिहरुको प्रतिवेदन पेश, टिप्पणी र निर्णायार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो २:०० बजे | विविध विषयमा प्रस्ताव पेश, टिप्पणी र निर्णायार्थ पेश | | |
| २०८०।१०।२८ | दिउसो २:३० बजे | बैठक समापन | | |

## २. नीति तथा कार्यक्रमको समिक्षा तथा प्रतिवद्धता प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमाः,

यस नगरपालिकाको दोस्रो नगर सभाको तेस्रो अधिवेशनवाट चालु आ.व.२०८०/०८१ मा कार्यान्वयन हुने गरी स्वीकृत नीति तथा कार्यक्रमको समिक्षा तथा प्रतिवद्धता प्रतिवेदन सभामा उठेका सवाल, जिज्ञासाहरुको सभाध्यक्षद्धारा संवोधन गरी पास गर्ने निर्णय गरियो।

३. **विनियोजन ऐन र आर्थिक ऐन, २०८० संशोधन गर्ने सम्वन्धमाः,**

यस नगरपालिको आ.व. २०८०/०८१ को संशोधित बजेट कार्यक्रम सहितको विनियोजन ऐन, २०८० र आर्थिक ऐन, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो।

४. **चालु तथा पूँजिगत खर्चको समिक्षा गर्ने सम्वन्धमाः,**

